

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस ६ गते शनिबार ❑ 21 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## न्यायाधीश नियुक्तिमा पारर्दिशता हुनुपर्नेमा कानुनविद्हरुको जोड

**पोखरापत्र संवाददाता**
पोखरा, ५ पुस



सक्षम, स्वतन्त्र र निस्पक्ष न्यायपालिकाको अवधारणालाई कार्यान्वयन गर्नका लागि न्यायाधीश नियुक्तिमा पारर्दिशता हुनुपर्नेमा पोखरामा शुक्रबार भएको एक कार्यक्रममा कानुनविद् हरुले जोड दिएका छन् ।

न्यायाधीश हुनका लागि न्यायिक मन र न्यायिक बिचार बोकेको व्यक्ति हुनुपर्नेमा जोड दिदैं न्याय परिषद्लाई लोकतान्त्रिक विधि र पद्धति अनुरुप त्यस्ता न्यायधिश सिफारिस गर्न समेत सुझाव दिइएको छ । कार्यक्रममा नेपाल डेमोक्रेटिक लयर्स एसोसिएसन गण्डकी प्रदेशको प्रदेशिक भेलामा बोल्नुहुदै सो संस्थाका केन्द्रिंय अध्यक्ष एवं वरिष्ठ अधिवक्ता सिताराम केसीले न्यायलयप्रति जनआस्था घट्दै गएको प्रति चिन्ता व्यक्त गर्नुभयो । उहाँले आगामी चैत महिनामा हुने नेपाल बारको महाधिवेशन र नेपाल कानुन व्यवसायिक परिषद्को निर्वाचनमा डि.एल.ए ले एक्लै निर्वाचनमा जानुपर्नेमा जोड दिनुभयो । त्यसैगरी नेपाली काँग्रेसका केन्द्रिय सदस्य गोविन्द भट्टराइले नेपाली काँग्रेसकै नेतृत्वमा संविधान आएको र स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुरुप न्यायपालिकाको साखलाई अगाडि बढाउन अदालत मात्र नभई सो क्षेत्रमा काम गर्ने सरोकारवालाहरुको पनि सहयोग आवश्यक रहेको बताउनुभयो ।

वरिष्ठ अधिवक्ता एवं गण्डकी प्रदेश पूर्व प्रदेश प्रमुख बाबुराम कुँवरले विधिले शासन गर्ने पद्धति नै लोकतान्त्रिक पद्धति भएकाले समस्याको समाधान पनि लोकतान्त्रिक पद्धतिबाट गर्नुपर्ने भनाई राख्नुभयो । उहाँले शान्ति र सुव्यवस्था बिकासका आधार भएकाले यसलाई खलबलाइयो भने बिकासका पूर्वाधारहरु समेत प्रभावित हुने बताउनुभयो ।

त्यसैगरी वरिष्ठ अधिवक्ता उपेन्द्र केशरी न्यौपानेले सैद्धान्तिक अवधारणा स्पष्ट नभएमा पेशागत संगठनहरुले मुर्तरुप लिन नसक्ने र अराजकता बढ्दै जाने बताउनुभयो । वरिष्ठ अधिवक्ता यदुनाथ खनालले न्यायपालिकाप्रति जनतालाई विश्वास दिलाउन कानुन व्यवसायीहरु मात्र नभई नागरिक समाजको पनि भुमिका त्यत्ति नै आवश्यक रहेको बताउनुभयो । उहाँले बारको निर्वाचनको बारेमा बोल्नुहुदै डिएलए एक्लै चुनावमा जानुपर्ने धारणा राख्नुभयो । वरिष्ठ अधिवक्ता योगेन्द्र अधिकारीले डि.एल.ए जस्ता संगठनहरुलाई राजनीतिक पार्टीहरुको दबाबमा राख्न नहुने बताउनुभयो ।

संस्थाका अध्यक्ष भुमिश्वर गौतमको अध्यक्षतामा सम्पन्न सो भेलामा वरिष्ठ अधिवत्ताहरु भरतप्रसाद खरेल, मुकुन्द अर्याल, जग्गन्नाथ ढकाल, विष्णु मर्सानी, रोहितराज बास्तोला, राजेश्वर अधिकारी, नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बराल, अग्रज कानुन व्यवसायी रामचन्द्र त्रिपाठी, दयाराम गौतम, कपिलमणी दाहाल, गणेश अधिकारी, कृष्ण तिमिल्सिना, डिएलए कास्की अध्यक्ष कमलापति शर्मा, अधिवक्ताहरु चन्द्रकान्त वाग्ले, प्रवास पराजुली, केशव भट्टराई, कृष्ण गुरुङ, बाबुराम अर्याल लगायतका कानुन व्यवसायीले नेपाल बारको महाधिवेशनको बारेमा बोल्नुहुदै डिएलएले कसैसँग गठबन्धन नगरी निर्वाचनमा जान सुझाव राख्नुभएको थियो ।

## आर्थिक समृद्धि हासिल गर्न सरकार र निजी क्षेत्रबीच सहकार्य हुनुपर्ने

**पोखरापत्र संवाददाता**
गोरखा ५ पुस



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आर्थिक समृद्धिका लागि सरकार र निजी क्षेत्र मिलेर काम गर्नुपर्ने बताउनुभएको छ । शुक्रबार यहाँ आयोजित गोरखा उद्योग वाणिज्य सङ्घको ४९औं वार्षिक साधारणसभामा उहाँले निजी क्षेत्रसँग साझेदारी गरेर अघि बढ्न प्रदेश सरकार तयार रहेको बताउनुभयो ।

"स्थानीय उत्पादनलाई विश्व बजारसँग जोड्न निजी क्षेत्रको भूमिका महत्वपूर्ण छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "निजी क्षेत्र र सरकारले केन्द्रीकृत योजना बनाएर काम गर्नु आवश्यक छ, यसबाट आर्थिक क्षेत्रमा देखिएका समस्या समाधान गर्न सकिन्छ भन्ने विश्वास छ ।" उहाँले पर्यटन र कृषि क्षेत्रमार्फत गाउँगाउँमा प्रशस्त रोजगारीका अवसर सिर्जना गर्न सकिने भएकाले सरकारले योजनाबद्ध रूपमा यसलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । निजी क्षेत्रका लागि सरकारले गर्नुपर्ने जिम्मेवारीप्रति प्रतिबद्ध रहेको मुख्यमन्त्री पाण्डेको भनाइ छ। ग्रामीण क्षेत्रको विकासमा सबै तहका सरकारले जोड दिँदै आएका भए पनि ग्रामीण क्षेत्रबाट बसाइँसराइ समस्याका रूपमा बढ्दै गएकालाई यसलाई रोक्नुपर्ने उहाँले बताउनुभयो ।

"उत्पादनलाई जोडेर गाउँमा रोजगारीका अवसर सिर्जना गर्नसके बसाइँसराइ रोक्न सकिन्छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "गाउँमा बस्ती खाली हुँदै जाने हो भने गाउँमा निर्माण गरेका सडक, विद्यालयलगायत पूर्वाधारको कुनै महत्व हुँदैन ।" नेपाल मात्र नभई विश्व अर्थतन्त्रमा पनि आर्थिक मन्दीले छोएको भन्दै त्यसलाई सुधार गर्न वर्षौंदेखि बन्द रहेका उद्योगधन्दालाई सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

"जति उद्योगधन्दा सञ्चालन गर्न सकिन्छ त्यति सरकारको आम्दानी बढ्दै जान्छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "यसका लागि पनि निजी क्षेत्रसँगको सहयोग र सहकार्य आवश्यक छ ।" उहाँले स्रोत र साधनले अभावका कारण जनताले अपेक्षा गरेअनुसार प्रदेश सरकारलाई काम गर्न कठिनाइ भइरहेको बताउनुभयो ।

प्रदेश सरकारको भौतिक पूर्वाधार विकासको कुल बजेटमध्ये ५६ प्रतिशत सडक निर्माणका लागि विनियोजन गरिएको जनाउँदै मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "सडकको विकास नगर्दासम्म शिक्षा, स्वास्थ्य, कृषिलगायत अन्य क्षेत्रको पनि विकास गर्न कठिन हुन्छ ।"

## पूर्वराष्ट्रपति भण्डारीलाई स्याङ्जामा स्वागत

**पोखरापत्र संवाददाता**
वालिङ, ५ पुस



पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई शुक्रबार स्याङ्जाका विभिन्न स्थानमा स्वागत गरिएको छ ।

कालीगण्डकी गाउँपालिकामा अवस्थित प्रसिद्ध धार्मिकस्थल आलमदेवीको दर्शन तथा अवलोकनका लागि शुक्रबार स्याङ्जा आइपुग्नुभएकी पूर्वराष्ट्रपति भण्डारीलाई स्याङ्जा र कास्कीको सिमाना फेदीखोलादेखि पुतलीबजार, भिरकोट, वालिङ, गल्याङ र कालीगण्डकीमा स्थानीयलगायतले स्वागत गरेका हुन् । सडकमार्ग हुँदै यहाँ आउनुभएकी पूर्वराष्ट्रपति भण्डारीलाई जिल्लाका विभिन्न स्थानमा नागरिकले फूलमाला, बाजागाजासहित स्वागत तथा सम्मान गरेका थिए । भण्डारीले आज दिउँसो शाह वंशको कुलदेवताको रुपमा रहेको आलमदेवी मन्दिरमा पूजाआजा र अवलोकन गर्ने कार्यक्रम रहेको कालीगण्डकी गाउँपालिका स्याङ्जाका अध्यक्ष खिमबहादुर थापाले जानकारी दिनुभयो । "पूर्वराष्ट्रपति भण्डारी आलमदेवी मन्दिरमा पूजाआजा तथा यस ठाउँको अवलोकन गर्नका लागि आउनुभएको हो", उहाँले भन्नुभयो, "नितान्त पूजाआजाका लागि आउनुभएकाले औपचारिक कार्यक्रमको आयोजना गरिएको छैन ।"

## संस्कारी र जीवनउपयोगी शिक्षा आजको आवश्यकता : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा ५ पुस



गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले संस्कारी र जीवनउपयोगी शिक्षा आजको आवश्यकता भएको


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## पुष १३ गते सातौं संस्करणको दूर दि पोखरा हुने

**पोखरापत्र संवाददाता**
पोखरा ५ पुस



पोखरामा यही पुष १३ गते शनिबार सातौ संस्करणको दूर दि पोखरा २०८१ हुने भएको छ । साहसिक खेलको प्रबर्द्धन गर्ने उद्देश्यले साइकल सिटी पोखराको आयोजनामा हुने उक्त दुरी दी पोखराको तयारी तिव्र पारिएको शुक्रबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो ।

"स्वास्थ्य वातावरण वा पर्यटनका लागि साइकल" भन्ने नाराका साथ आयोजना हुने टुर दी पोखरामा देशका विभिन्न स्थानबाट करिब ५ सय साईक्लिस्टहरु सहभागि हुने भएको साइकल सिटी पोखराका अध्यक्ष श्याम कृष्ण श्रेष्ठले बताउनु भयो । उक्त कार्यक्रममा पोखरा र पोखरा आसपासका साइकलप्रेमी देखि वुटवल, पाल्पा, काठमाण्डौं, चितवन लगायतका ठाउँबाट सहभागि हुनु हुने भएको अध्यक्ष श्रेष्ठले दाबी गर्नु भयो । उहाँका अनुसार पोखरा क्षेत्रमा हुने साँढे २४ किलोमिटर दुरी निर्धारण गरिएको छ ।

साहसिक खेलहरुको गन्तव्य पर्यटकीय राजधानी पोखरा, जहाँ साइकलका गतिविधि गरेर पर्यटन क्षेत्रमा केहि उपलब्धी हासिल गर्न सकिन्छ भन्ने उद्देश्यका साथै विगत केहि वर्ष देखि दुर दि पाखरा कार्यक्रम गर्दै आएको उहाँले जनाउनु भयो । टुर दी पोखराको उत्तः अभियानमा ९ बर्षका बालकालिका देखि ७५ बर्षका ज्येष्ठ नागरिक समेत सहभागि हुने भएको अध्यक्ष श्रेष्ठले बताउनु भयो ।

पत्रकार भेटघाट कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष एवं बरिष्ठ सल्लाहकार आनन्दराज मुल्मीले यस्ता कार्यक्रमलाई अन्तराष्ट्रिय रुपमा मनाउनु पर्नेमा जोड दिनु भयो । पोखरा महानगरपालिकाले ७ तालको प्रबर्द्धन गर्न करिब १ सय ५० किलोमिटर साइकल ट्र्याक निर्माण गर्न लाग्ने भएकोले उक्त ट्र्याक निर्माण भएमा पोखराको एक दिनको बसाई अवधि लम्बाउन सकिने दाबी गर्नु भयो । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले पोखरामा हुने टुर दी अभियानले पोखरामा साइकल संस्कृतिको बिकास भएको बताउनु भयो ।

पोखराको पृथ्वीचोकबाट सुरु हुने उक्त रुट रंगशाला गेट अगाडी, रामबजार, अम्मरसिहचोक, रानीपौवा, नदीपुर, बगरहुदै लामाचौर बगरचोक, विन्ध्यवासिनी मन्दिर,


बाँकी अन्तिम पृष्ठमा ▶▶

# गुणस्तरमा कुनै सम्झौता हुदैन– प्रमुख पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा ५ पुस



जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले विकास निर्माणमा तोकिएको समय र गुणस्तरमा कुनै सम्झौता नहुने बताउनु भएको छ।

कास्कीको मादी गाउँपालिकास्थित पर्यटकीय गाउ सिक्लेसमा शुरु भएको संस्कृतिक ग्राम पर्यटन पूर्वाधार निर्माण योजनाको स्थलगत अध्ययन अवलोकनका क्रममा उहाँले सम्झौता अनुसार निर्माण व्यवसायीले काम गर्नु पर्ने आवश्यकता औंल्याउनुभयो। विकास निर्माणमा डिला सुस्ति र गुणस्तर नहुना जनतामा नैरास्यता पैदा हुदै गएको बताउँदै उहाँले योजना सम्पन्न गर्न तीनै तहका सरकार जिम्मेवार भएर लाग्नु पर्ने बताउनुभयो । संस्कृतिक ग्रामको योजनाले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण सहयोग पुग्ने प्रमुख पौडेलको भनाई थियो । नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय पर्यटन पुर्वाधार एवम् पर्यटन उपज विकास साझेदारी कार्यक्रम अन्तर्गत कूल तीन करोड सात लाख ८३ हजार १८५ को लागतमा मुक्तिनाथ प्राकृतिक जेभीले निर्माणको जिम्मा लिएको हो । नेपाल सरकारको ७० प्रतिशत र मादी गाउँपालिकाको ३० प्रतिशतको साझेदारीमा निर्माण गरिने संस्कृतिक ग्राम अन्तर्गत ६४ वटा सिसि टिभि जडान, नमुन घर, पुरै गाउँलाई समेटेर विद्युत लाईन विस्तार, नयाँ सिडी बाटो निर्माण कार्य अन्तिम चरणमा पुगेको वडा अध्यक्ष देवीजंङ्ग गुरुङले जानकारी दिनुभयो। सम्झौता अनुसार ५०० मध्ये २४० विद्युतपोल प्रयोग भएको छ भने नयाँ सिडी बाटोको काम करिव सम्पन्न हुने अवस्थामा पुगेपनि स्थानीय कच्चा पदार्थ प्रयोग गरेर स्तरोन्नती गरिने सिडी बाटो, डष्विन, सुचना बोर्ड राख्ने काम नभएको उहाँको भनाई छ।

आगन्तुक पाहुना एवम् स्थानीय व्यवसायिको सुरक्षाका लागि गाउँभरी सिसि टिभि जडान गरिएका छन्, वडा कार्यालयमा राखिएको मनिटरमा सवै गतिविधि रेकर्ड गर्ने हुँदा सुरक्षामा सुविधा पुगेको बताउँदै उहाँले भन्नुभयो,संस्कृति ग्राम योजना सम्पन्न भएसंगै आन्तरिक एवम् बाह्रय पर्यटकको आकर्षण बढने विश्वास छ । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको नेतृत्वमा उपप्रमुख सरिता कुमाल, समन्वय अधिकारी नवराज बराल, प्राविधिक, पत्रकार सहितको स्थलगत अनुगमनमा पुगेको टोलीलाई गाउँपालिकाका सवइन्जिनियर राजु ढकालले योजना अन्तर्गत भएगरेको गतिविधिबारे जानकारी गराउनुभएको थियो । निर्माण व्यवसायि ओम गौचनका अनुसार डिपिआर अनुसारको काम गर्न अप्ठेरो परेको बताउनुभयो । लोकल ढुङ्गा प्रयोग गरेर पदमार्गको स्तरोन्नती गर्ने भएपनि उक्त स्थानमा उपयुक्त ढुङ्गा नरहेको सम्झौतामा ५०० विद्युत पोल रहेपनि २४० वटा पोलले पुरै गाउलाई पुगेको उहाँको भनाई छ।

शुरुमा नापजाँच हुँदा करिव ४० प्रतिशत काम सम्पन्न भई केही रकम भुक्तानी समेत लिएको बताउँदै उहाँले भन्नुभयो, पछिल्लो समय निर्माण कार्य अन्तिम चरणमा पुगे छ दावी गर्नुभयो।

पछिल्लो समय सिक्लेस कला, संस्कृति र अनुपम प्रकृतिका कारण स्वदेशी एवम् विदेशी पर्यटकको आकर्षण गन्तव्य बन्दै गएको छ। संस्कृतिक ग्राम योजना सम्पन्न भएसंगै थप आकर्षण बढ्ने विश्वास छ। गुरुङ कला संस्कृतिको जीवन्त अनुभव गर्न पाइने समुद्री सतहबाट दुई हजार मिटरको उचाइमा रहेको यो मनोरम गाउँ अन्नपूर्ण दोश्रो र लमजुङ लगायतका हिमश्रृखलाको काँखमा अवस्थित छ।

# तनाव ब्यवस्थापन सम्बन्धी कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा ५ पुस



पोखरामा स्व. हेरचाह तथा तनाव ब्यबस्थापन सम्बन्धी १ दिने कार्यक्रम सम्पन्न भएको छ।

पोखरा महानगरपालिका सामाजिक बिकास महाशाखाको आर्थिकसहयोगमामहानगरपालिकाबुधबार अन्तर्गतका २० जना मानसिक स्वास्थ्य समस्या अनुभव गरेका व्यक्तिहरुको लागि स्वास्थ्य बिमा कर्यक्रम संगै मानसिक स्वास्थ्य समस्या अनुभव गरेका व्यक्ति र परिवारका सदस्यहरुका लागि ४८ जनालाई स्व-हेरचाह र तनाब व्यबस्थापन सम्बन्धि कार्यक्रम भएको कोशिशका सामुदायिक अभियानकर्ता युमाया थापाले जानकारी दिनुभयो।उक्त कार्यक्रम पोखराको वडा न ७ र ३२ मा भएको अभियानकर्ता थापाले उल्लेख गर्नुभयो।

यस्तै नागरिकको स्वास्थ्य अधिकारलाई सुनिस्चित गर्नका लागि स्वास्थ्य बिमा कार्यक्रम लागु गरिएको छ । यस कार्यक्रमले व्यक्तिको स्वास्थ्यमा जुनसुकै बेला आइपर्ने समस्या र यसको उपचारबाट कोही पनि नागरिक वञ्चित हुनुहुँदैन भन्ने उदेश्यले लागु गरिएको कार्यक्रम हो।

सबै नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवा सहज तरिकाले प्रदान गर्नु नै यस कार्यक्रमको मुख्य उद्देश्य सस्थाले जनाएको छ । कोशिश सस्थाले बिगत केहि वर्ष देखि पोखरा महानगरपालिका संग नियमित समन्वय र सहकार्य मार्फत मानसिक वा मनोसामाजिक अपांगताको क्षेत्रमा निरन्तर पैरवी गर्दै बजेट विनियोजन गर्दै आइरहेको छ।

# प्रदीप मेमोरियल बास्केटलमा महिलातर्फ ताङतिङ र स्पोर्टस् काठमाडौं भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा ५ पुस



कास्कीको अन्नपूर्ण गाउँपालिका ११ छोम्रोङका स्वर्गीय प्रदीप गुरुङको स्मृतिमा आयोजित पहिलो संस्करणको खुल्ला पुरुष तथा महिला बास्केटबल प्रतियोगितामा महिलातर्फ टिम ताङतिङ र स्पोर्टस् काठमाडौं भिड्ने भएका छन्।

पोखरा महागनरपालिका-१० रामघाटस्थित पुन समाजको बास्केटबल कोर्टमा आज भएको पहिलो सेमिफाइनल खेलमा स्पोर्टस् काठमाडौंले अन्नपूर्ण कास्कीलाई ४३-१० को फराकिलो अङ्कले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो।

यस्तै दोस्रो खेलमा टिम ताङतिङले एएमआइसीआइलाई ४२-९ को फराकिलो अङ्कले पराजित गर्दै फाइनलमा स्पोर्टस् काठमाडौंसँगको भेट पक्का गरेको कार्यक्रम संयोजक राजकुमार गुरुङले जानकारी दिए । उनका अनुसार शनिबार उपाधिका लागि भिड्नेछन् । यस्तै पुरुषतर्फ भने सेमिफाइनल समिकरण पुरा भएको छ । पुरुषतर्फको पहिलो क्वाटरफाइनल खेलमा रामघाट टिम 'ए'ले ताङतिङलाई ५४-४७ को अङ्कले पराजित गर्यो। यस्तै दोस्रो खेलमा मर्दीखोलाले नदीपुरलाई ६१-५० अङ्कले पराजित गऱ्यो। यस्तै तेस्रो क्वाटरफाइनल खेलमा बेगाले अन्नपूर्ण म्याग्दीलाई ६८-५२ अङ्कले हरायो। चौथो क्वाटरफाइनल खेलमा छोम्रोङले क्याङलाई ५३-४५ अङ्कले पराजित गर्यो।

शनिबार बिहान पुरुषतर्फको दुई सेमिफाइनलसहित महिला/पुरुषको फाइनल खेल सञ्चालन हुने संयोजक गुरुङले बताए। खुला पुरुषतर्फ १७ टिम र महिलातर्फ ६ टिमको सहभागिता रहेको छ।

गुरुङले पुरुषतर्फको विजेता टोलीलाई नगद रु ८० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने जानकारी दिए ।

यस्तै उपविजता बन्ने टोलीले नगद रु ५० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । महिलातर्फको विजेतालाई नगद रु २० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । भने, उपविजेता टोलाई नगद रु १० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने उनले बताए । संयोजक गुरुङका अनुसार पुरुष तथा महिला दुवै प्रतियोगितामा विधागत तर्फ उत्कृष्ड खेलाडी (एमभिपी), उत्कृष्ट डिफेन्सिभ खेलाडी, उदीयमान खेलाडी र उत्कृष्ट अफेन्सिभ खेलाडीलाई आकर्षक पुरस्कारको व्यवस्थासमेत गरिएको आयोजकले जनाएको छ।

# संस्कारी ...

बताएका छन् । शुक्रबार मन्त्रालयद्वारा आयोजित स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धि कार्यशाला कार्यक्रमलाई शुभारम्भ गर्दै उनले जीवनउपयोगी शिक्षा प्रति ध्यान दिनुपर्ने उल्लेख गरे । "योजना बनाइरहदा शिक्षामा सुधारलाई अप्नाउदै नयाँ ढंगबाट योजना तर्जुमा गर्नुपर्छ । जीवन उपयोगी शिक्षा प्रति ध्यान दिनुपर्छ। नैतिक शिक्षाको खडेरी छ, त्यस तर्फ हाम्रा योजना अगाडि बढ्नुपर्छ ।", उनले भने । मन्त्री थापाले गण्डकी प्रदेश सरकारले शिक्षा क्षेत्रमा लगानी गरिरहेकोले स्थानीय तहले पनि समन्वयात्मक ढंगले काम गर्नुपर्ने बताए । स्थानीय तहले अपनत्व लिएर शिक्षामा सुधार ल्याउन प्रदेश सरकारलाई सहयोग गर्नुपर्ने आवश्यक्तालाई उनले औंल्याएका छन्। संस्कृति, रहनसहन, भाषा भेषभुषालाई आत्मसात गर्दै विद्यार्थीलाई संस्कारी बनाउने शिक्षामा जोड दिन उनको निर्देशन छ । प्राविधिक र जीविकोपार्जन गर्ने खालको शिक्षालाई जोड दिए नेपालमा नै सम्भावना अधिक रहेको तर्क उनको छ। मन्त्री थापाले प्रदेश सरकारले ल्याएको अभिभावक शिक्षा, सिक्दै कमाउँदै जस्ता कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन र परम्परागत भन्दा नयाँ योजना तर्जुमा गर्न स्थानीय तहबाट आएका प्रतिनिधिहरुलाई निर्देशन दिएका छन्। सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका उपसचिव तोयानाथ लम्सालले योजना निर्माणमा पछाडि नपरियोस् भन्ने उद्देश्यस्वरुप कार्याशाला कार्यक्रम राखिएको जानकारी गराए । उनले यही जेनवरी भित्र नै स्थानीय तहको शिक्षा योजना निर्माण गर्नुपर्ने भएकाले त्यसको तयारी स्वरुप नै उक्त कार्यक्रम गरिएको उल्लेख गरे। कार्यशालबाट शिक्षा योजना निर्माणले गति लिने अपेक्षा उनले गरेका छन्।

शिक्षा विकास निर्देशनालय पोखराका महानिर्देशक अम्बिका प्रसाद आचार्यले प्रदेश सरकारले बनाएको शिक्षा नीति २०७८ लाई टेकेर शिक्षा योजना निर्माण गर्नुपर्ने बताए। उनी विद्यार्थीको सीप, क्षमता र दक्षता उजागर गर्न उक्त शिक्षा योजना सहायक सिद्ध हुनेमा विश्वस्त छन् । समर्पित शिक्षक, जिज्ञासु विधार्थी र सन्तुष्ट अभिभावक शिक्षा योजना आजको आवश्यकता रहेको भनाई उनको छ। कार्यक्रममा लमजुङ र पर्वत जिल्लाका शिक्षा अधिकृतहरुको सहभागिता छ।

# पुष ...

सिद्धार्थचोक, जिरोकिलोमिटर, लेकसाइड, राष्ट्रबैंक चोक, ड्यामसाइड,मुस्ताङचोक, पृथ्वीचोक, नयाँबजार, महेन्द्रपुल, न्यूरोड, हुदै पोखरा सभागृहमा समापन हुने भएको सचिव रामचन्द्र भट्टले जनाउनु भयो । साइकल सिटी पौखराले स्थापनाकाल देखि साइकल सम्बन्धी विभिन्न गतिविधि गरिरहेको सन्दर्भमा विभिन्न पर्यटकीय क्षेत्रहरु सिरुबारी, पञ्चासे, सिक्लेश, रारा, मुक्तिनाच, अन्नपूर्ण राउण्ड, मिलिनियम, लम्बिनी, मेची महाकाली साइकल यात्रा, शान्ति स्तुपामा पर्यटकलाई विश्राम हेतु बेन्च निर्माण, हरिहर आश्रममः पोलार प्रदान, साइकल यात्रीहरुलाई सम्मान कार्यक्रम, रक्तदान तथा वृक्षारोपण लगायतका कार्यक्कम गर्दै आएको पूर्व अध्यक्ष प्रकाश बर्ज्रचार्यले बताउनु भयो। त्यसै गरी विभिन्न साइकल प्रतियोगिता, शान्ति स्तुपा देखि रानीवनको बाटोमा साइकल ट्र्याक, पोखराका प्रत्येक पर्यटकिय गन्तव्यमा स इकल स्ट्याण निर्माण लगायत साइकल सिटी पोखराको सक्रियतामा पोखरा जिरो कि.मि. देखि महेन्द्रपुल सम्म ३ कि.मि. नेपाल मै पहिलो साईकल लेन निमार्ण जस्ता सामाजिक कार्य भएको उहाँले दाबी गर्नु भयो।

सन २०१८ मा संयुक्त राष्ट्र संघले जुन ३ लाई विश्व साइकल दिवस घोषणा गरेको छ । जुन ३ साइकल दिवस र त्यस दिन अन्नपूर्ण हिमाल आरोहण दिवस समेत रहेको केही वर्ष देखि आफुहरुले साइकलका केही कार्यक्रमको आयोजना गरी दुवै दिवस मनाउने गरेको अध्यक्ष श्रेष्ठले जनाउनु भयो । जुन ३ हिमाल आरोहणको इतिहासमा ८००० मिटर माथिको हिमाल आरोहणमा पहिलो हिमाल आरोही फान्सका मोरिस हरजोगले सन् १९५० मा पहिला अन्नपूर्ण हिमाल आरोहण गरेको दिनको ७५ वर्षको अवसरमा फान्सेली राजदुतावासले हिरक दिवस मनाउने तयारी भएको सर्न्दभमा आफुहरुले पनि केही कार्यक्कम समन्वय गरेर गर्न चाहेको साइकल सिटिले जनाएको छ । पोखरालाई साइकल हबको रुपमा विकास गरी पर्यटन क्षेत्रमा केही टेवा दिन साइकल सिटी पोखराले साइकल मैत्री पर्यटकीय शहर अवधारणा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई बुझाईसकेको सो अवधारणा समेत आधार मानी पोखरा महानगरपालिका र ए.डि.बि. ले झण्डै १५० कि. मि. को ताल देखि तामें सम्म साइकल मार्ग र आवश्यक भौतिक पूर्वाधार निमार्ण गर्न छलफल अगाडी बढाईरहेको अध्यक्ष श्रेष्ठले बताउनु भयो।

# मुग्लिन -पोखरा सडकको पश्चिम खण्ड विस्तार गर्न दोस्रो पटक म्याद थप

**पोखरापत्र संवाददाता**
दमौली, ५ पुस

मुग्लिन -पोखरा सडक योजना (पश्चिम खण्ड) को म्याद दोस्रो पटक थप गरिएको छ । पृथ्वी राजमार्ग लाई विस्तार गर्ने काम जारी भइरहेकामा जामुनेदेखि पोखरासम्मको उक्त खण्डमा दोस्रो पटक म्याद थप गरिएको हो।

पश्चिम खण्डको म्याद आगामी विसं २०८२ पुस १६ गतेसम्मका लागि थप भएको मुग्लिन पोखरा सडक योजना (पश्चिम खण्ड) का इन्जिनियर सौजन्य नेपालले जानकारी दिनुभयो । पश्चिम खण्डमा विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो। यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनले पाएको छ । विसं २०८१ भदौ १२ गतेसम्म म्याद रहेकामा त्यसअवधिमा उल्लेख्य प्रगति नभएपछि पहिलोपटक एक सय एक दिनका लागि म्याद थप भएको थियो।

दोस्रो पटक थपिएको म्यादभित्र निर्माण कम्पनीले काम सम्पन्न गर्ने प्रतिबद्धता जनाएको छ। हालसम्म यो खण्डमा ३४ दशमलव ९४ प्रतिशत भौतिक प्रगति भएको जनाइएको छ । हालसम्म २३ दशमलव ९१ किलोमिटर सडकमा पहिलो तहको कालोपत्र सकिएको छ । त्यसमध्ये ५ दशमलव ४५ किलोमिटर दुईतर्फी र १८ दशमलव ४६ किलोमिटर एकतर्फी कालोपत्र भएको छ । पश्चिम खण्डअन्तर्गत म्याग्दे गाउँपालिका, शुक्लागण्डकी नगरपालिका र पोखरा महानगरपालिका पर्दछन् । यो खण्डमा ११ पुल निर्माण गर्ने लक्ष्य रहेकामा पाँच वटा पुल सम्पन्न भएका छन् । सडकको स्तरोन्नति हुने क्षेत्रभित्र रहेका २४ खानेपानी संस्थासँग सम्बन्धित पाइप लाइन तथा संरचना स्थानान्तरण कार्यका लागि सम्झौता भई सम्बन्धित उपभोक्ताबाट स्थानान्तरणको काम भइरहेको जनाइएको छ । विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ।

# तनहुँका आठ पालिकाबाट राष्ट्रिय परिचयपत्र वितरण

**पोखरापत्र संवाददाता**
दमौली, ५ पुस

तनहुँका आठ स्थानीय तहबाट राष्ट्रिय परिचयपत्र वितरण सुरु गरिएको छ।

पालिकाबाटै परिचयपत्र वितरण थालिएपछि सर्वसाधारणलाई सहज भएको छ । राष्ट्रिय परिचयपत्र लिनका लागि दमौली पुग्नुपर्ने बाध्यता रहेकामा स्थानीय तहबाटै प्राप्त गर्ने अवसर मिलेसँगै सर्वसाधारणलाई सजिलो भएको हो । जिल्ला प्रशासन कार्यालय तनहुँले जिल्लाका १० स्थानीय तहमध्ये आठ स्थानीय तहबाटै राष्ट्रिय परिचयपत्र वितरण सुरु गरेको सहायक प्रमुख जिल्ला अधिकारी जीतबहादुर भण्डारीले जानकारी दिनुभयो । जिल्लाका आँबुखैरेनी गाउँपालिका, देवघाट गाउँपालिका, बन्दीपुर गाउँपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिका, भिमाद नगरपालिका र शुक्लागण्डकी नगरपालिकाबाटै राष्ट्रिय परिचयपत्र वितरण भइरहेको भण्डारीले बताउनुभयो। जिल्लाका व्यास नगरपालिका र भानु नगरपालिकामा भने राष्ट्रिय परिचयपत्र वितरणको काम बाँकी छ। विगत केही वर्ष पहिलादेखि राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गरी प्रशासनमा परिचयपत्र आएर बसेकालाई पालिकाबाटै परिचयपत्र प्राप्त गर्ने व्यवस्था मिलाइएको सहायक प्रजिअ भण्डारीको भनाइ छ। उहाँले भन्नुभयो, "कार्यालयमा ६० हजारभन्दा बढी परिचयपत्र आएर बसेका थिए, परिचयपत्र सम्बन्धित पालिकामै लगेर वितरण गर्ने काम भइरहेको छ, यसले गर्दा सर्वसाधारणलाई दमौलीसम्म आउनुपरेन ।" प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले सेवाग्राहीलाई घरदैलोमै सेवा दिने उद्देश्यसहित सम्बन्धित पालिकाबाटै परिचयपत्र लिने व्यवस्था मिलाइएको बताउनुभयो । उहाँले भन्नुभयो, "परिचयपत्र बनेर आउने, प्रशासन कार्यालयमा थन्किएर बस्ने समस्या भएपछि सम्बन्धित पालिकाबाटै वितरण गर्ने व्यवस्थाको सुरु गरिएको हो, पञ्जीकरण विभागबाट सहयोग पायौँ कर्मचारीलाई पालिकामै खटाएर परिचयपत्र वितरण गरिएको छ ।" घरदैलोमै गएर सेवा दिन सकिए जनताको मन जित्न सकिने प्रजिअ थापाको भनाइ छ। बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले पालिकाबाटै परिचयपत्र वितरण गरिँदा सर्वसाधारणलाई सहज भएको बताउनुभयो। उहाँका अनुसार बन्दीपुरका छवटै वडामा पुगेर राष्ट्रिय परिचयपत्र विवरण सङ्कलनको काम गरिएको थियो । बन्दीपुरका स्थानीय आनन्द गुरुङले परिचयपत्र लिनका लागि एक दिनको समय छुट्याएर दमौली जानुपर्ने बाध्यताको अन्त्य भएको बताउनुभयो । उहाँले भन्नुभयो, "पालिकाबाटै परिचयपत्र पाउँदा समयको पनि बचत भयो।"

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# 'लटरम्म फलेका सुन्तलाका बगैँचा हेर्न कृषक समूह बास्कुना बास्कुना गाउँ पुग्छन्'

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ पुस

वैदेशिक रोजगारीमा चार वर्ष काम गरेर घर फर्कदा म्याग्दीको बेनी नगरपालिका-४ बास्कुनाका ५३ वर्षीय तिलक गुरुङलाई पाँच जना छोराछोरी पढाउने र घरव्यवहार कसरी चलाउने भन्ने चिन्ता थियो।

विदेशमा सोचेजस्तो कमाइ नभएपछि घर फर्केका उहाँको अन्य आम्दानीको स्रोत थिएन्। "विसं २०५८ मा केन्जन बहुउद्देश्यीय कृषि फार्म खोलेर कुखुरा र गाईभैंसी पाल्नुका साथै खेतबारीमा सुन्तलाका बिरुवा लगाए", उहाँले भन्नुभयो, "कुखुरा, अण्डा र गाईभैंसीको दूध बेचेर घरव्यवहार चलाउने र छोराछोरीलाई इन्जिनियर, नर्स र कानुन व्यवसाय पढाए।" तिलककी जेठी छोरी यास्ना गुरुङ मेडिकल इन्जिनियर, माइली दिव्या नर्स, साइली सोनिया अधिवक्ता हुनुहुन्छ। तीनै बहिनी हाल अस्ट्रेलियामा छन्। काइली साकिरा आर्किटेक्ट इन्जिनियर, कान्छी निलिमया स्टाफ नर्स र छोरा केन्जनले नेपालमै एरोनिकल इन्जिनियरको स्नातक तहको पढाइलाई अन्तिम चरणमा पुऱ्याएका छन्।

तीन सय ५० बोटमा फलेका सुन्तलालाई यसपालि रु १४ लाखमा बोटबाट नटिप्दै व्यापारीलाई ठेक्कामा बेचेका गुरुङ कृषि पेसाबाट आर्थिक र सामाजिक पहिचान बनाउन सफल हुनुभएको छ। उहाँले जिल्ला र केन्द्रीयस्तरको कृषि उद्यमी पुरस्कार पनि पाउनुभएको छ। हाल १२ वटा गाईभैंसी पालेका गुरुङले दैनिक ९० लिटर दूध बिक्री गर्नुहुन्छ।



तिलक, श्रीमती तिलकुमारी र अन्य दुई जना कामदार कृषि फार्मको काममा व्यस्त हुन्छन्। बास्कुना कृषि सहकारी संस्थाका सञ्चालक समेत रहेका तिलकले बास्कुनालाई 'एफएम भिलेज' (फ्रुट र मिल्क गाउँ) बनाउने अभियानको अगुवाइ गर्नुभएको थियो। "बास्कुनाका १६ घर सबैले सुन्तला लगाएका र गाईभैंसी पालेका छन्, यसपालि रु एक करोड ५० लाख बराबरको सुन्तला बिक्री हुने अनुमान गरेका छौँ", गुरुङले भन्नुभयो, "दैनिक तीन सय लिटरभन्दा बढी दूध बेनीमा बिक्री हुन्छ। दुई दशकअघि गरेको एफएम भिलेज बनाउने परिकल्पना पूरा भएको छ।" बास्कुना, सुर्केमेला र थामडाडाका चालीस घरधुरीले आठ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरेका छन्। करिब ५० हजार उत्पादन दिने सुन्तलाका बोट छन्। पूर्व फर्किएको बास्कुना गाउँभरि सुन्तलाखेती छ। लटरम्म फलेका सुन्तलाले गाउँ रंगिएको छ। सुन्तला बगैंचा अवलोकनका लागि कृषक समूह र पाहुना बास्कुना पुग्छन्। खेतबारीमा धान, मकै र कोदो बाली रोप्न छाडेर सुन्तलाखेती गरेका कृषकको जीवनस्तरमा परिवर्तन आएको छ। कृषक भीम गुरुङले गत वर्ष रु पाँच लाखको सुन्तला बेचेका कृषकले यसपालि रु दश लाख बराबरको फलाएका बताउनुभयो। नयाँ बिरुवा थपिएका र फल राम्रो लागेकाले उत्पादन बढेको गुरुङले बताउनुभयो। सुन्तला बिक्री गरेर एक जना कृषकले रु एक लाखदेखि १४ लाखसम्म आम्दानी गर्छन्। बास्कुनाको सुन्तला अन्य ठाउँको भन्दा रसिलो, गुलियो र स्वादीलो हुने सुन्तला व्यापारी सुदर्शन गौतमले बताउनुभयो। नारायणघाट, काठमाडौँ र नुवाकोटमा सुन्तला लैजाने गरेको उहाँले बताउनुभयो।

मूल्यमा एकरुपता कायम गर्न, कृषकको सहजता र सस्तोमा सुन्तला बेच्नुपर्ने समस्या हटाउनका लागि वडाका जनप्रतिनिधि र कृषक समूहले सुन्तलाको प्रतिकिलो न्यूनतम रु ८५ मूल्य कायम गरिएको बेनी नगरपालिका-४ का वडासदस्य सन्दीप खत्रीले बताउनुभयो। गत वर्ष रु ८० प्रतिकिलो सुन्तलाको मूल्य कायम भएको थियो। "यसअघि मङ्सिरमा रङ र गुलियो नपस्दै सुन्तला बजार पठाउँदा नराम्रो सन्देश गएको थियो। कृषकले व्यापारीले जति भने त्यति मूल्यमा सुन्तला बेच्ने गरेका थिए", उहाँले भन्नुभयो, "गत वर्षदेखि कृषकले समान र उचित मूल्य पाउने, पाकेको गुणस्तरीय र स्वादिलो सुन्तला बजारमा जाने वातावरण बनाएका छौँ।" कृषि ज्ञान केन्द्रले बास्कुनालाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको बल्क कार्यक्रममा समेटेको छ। सुन्तला बगैंचा व्यवस्थापन गर्ने औजारका साथै झ्याङ, क्रेट, झरेका सुन्तलाको दाना व्यवस्थापन गर्ने प्लास्टिकको थैलोलगायतका सामग्री सहयोग गरिएको केन्द्रका प्रमुख सञ्जीव बास्तोलाले बताउनुभयो।

प्रदेश सरकारमार्फत तीन वर्षअघि बास्कुना, सुर्केमेला र थामडाँडाका लागि बालमखोला सिँचाइ आयोजना निर्माण भएको थियो। सिँचाइ सुविधा भएपछि सुन्तलाखेती गरेका कृषकलाई सहज भएको छ। बेनी-थामडाँडा-बरङ्जा सडक स्तरोन्नति नहुनु, बाँदर आतङ्क र सुन्तलाको दाना झर्ने समस्या मुख्य चुनौतीका रुपमा देखिएको कृषकले बताएका छन्।

कृषकसमेत रहेका वडासदस्य खत्रीले बेनी-थामडाँडा सडक स्तरोन्नतिका लागि यसपालि प्रदेश सरकारबाट बजेट विनियोजन भएको, सिँचाइ आयोजनाको क्षमता विस्तार गर्न पहल गरेको र दाना झर्ने समस्या समाधानका लागि कृषि निर्देशनालयसँग समन्वय गरेको बताउनुभयो।

# शैक्षिक कल्याणकारी कोष प्रअ, अध्यक्ष र विद्यार्थीलाई सम्मान

**पोखरापत्र संवाददाता**
पुस ५ पुस

माध्यमिक विद्यालय शैक्षिक कल्याणकारी कोषको १३ औँ साधारणसभा शुक्रवार पोखरामा सम्पन्न भएको छ।

कोषका अध्यक्ष शम्भुराज बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा शीतलादेवी सामुदायिक विद्यालयका प्रधानाध्यापक बाबुराम अधिकारी, विन्ध्यवासिनी माविका प्रधानाध्यापक कृष्णप्रसाद आचार्य र माछापुच्छे मावि, भुर्जुङखोलाका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बमबहादुर गुरुङलाई सम्मान गरिएको थियो। विद्यालयको विकासका लागि विशेष योगदान पुऱ्याएको भन्दै उनीहरूलाई सम्मान गरिएको सचिव मनिराम कडेलले जानकारी दिए। त्यसै गरी २०८० को एसइई परीक्षामा उत्कृष्ट नतिजा ल्याएका विद्यार्थीहरूलाई पनि जनही ३ हजार रुपियाँसहित सम्मान गरिएको थियो। सम्मानित हुनेहरूमा माछापुच्छे माविका सौगात रेग्मी, निष्पक्ष मावि, माछापुच्छे गाउँपालिकाका पर्वत दाहाल, सिर्जना मावि, अन्नपूर्णका प्रवीण कुँवर, कालिका मावि, रूपाका आभार पौडेल, छोरेपाटन माविका सोहन कार्की र तालबाराही माविका कस्मित खनाल रहेका छन्। कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश परीक्षा व्यवस्थापन कार्यालय, गण्डकी



प्रदेशका प्रमुख गोविन्दराज पोखरेलले परीक्षाले विद्यार्थीको सिकाइलाई बलियो बनाउने भएकाले आवधिक परीक्षाहरू लिइनुपर्ने धारणा राखे। उनले औपचारिक रूपमा एसइई पूर्व योग्यता परीक्षा लिन नपाइने भनिए पनि माध्यमिक विद्यालय शैक्षिक कल्याणकारी कोषले सञ्चालन गर्दै आएको कक्षा १० र ११ को परीक्षा प्रशंसनीय रहेको बताए। प्रधानाध्यापक खटेको र आफ्ना कार्ययोजनामा विद्यालय व्यवस्थापन समितिका माध्यमबाट अघि बढेको विद्यालयको गुणस्तर राम्रो भएको बताउँदै पोखरेलले पढाइको माध्यम महत्त्वपूर्ण नभई सिकाइ महत्त्वपूर्ण भएको बताए। उनले प्रश्नपत्रहरू अङ्ग्रेजी र नेपाली दुवै माध्यममा दिनुपर्नेमा परीक्षा बोर्ड सकारात्मक भएको जानकारी दिए। कोषका अध्यक्ष शम्भुराज बास्तोलाले परीक्षा लिन पाउने र नपाउने भन्ने कुरा गर्न नहुने बरु यसलाई व्यवस्थित बनाउनुपर्ने बताए। उनले कोषले कक्षा १० र ११ को परीक्षा सञ्चालन मात्र नगरी विद्यालयहरूका बिचमा भाइचाराको सम्बन्ध स्थापित गरेको दाबीसमेत गरे। विद्यालय, शिक्षक, विद्यार्थी र पढाइ रहेसम्म परीक्षा रहने उनको तर्क थियो।

सो अवसरमा सचिव मनिराम कडेलको प्रगति प्रतिवेदन र कोषाध्यक्ष मणिराज परियारको आर्थिक प्रतिवेदन पारित गरिएको थियो। कार्यक्रममा संस्थापक अध्यक्ष कृष्णराज पौडेल, पूर्व अध्यक्ष मित्रलाल सापकोटा, नेपाल शिक्षक महासङ्घका सहअध्यक्ष डिल्लीराम बराल, माछापुच्छे माविका प्रधानाध्यापक सन्तोष आचार्य, सम्मानित सोही विद्यालयका अध्यक्ष बमबहादुर गुरुङ, सम्मानित बाबुराम अधिकारी, कक्षा ११ को परीक्षा सम्पादन समितिका तर्फबाट जगन्नाथ अधिकारी, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घका केन्द्रीय उपाध्यक्ष दामोदर बास्तोलालगायतले कोषले गरेका कार्यक्रमको प्रशंसा गरेका थिए। सचिव मनिराम कडेलद्वारा सञ्चालित कार्यक्रममा उपाध्यक्ष जनार्दन सुवेदीले स्वागत गरेका थिए। कोषले कक्षा १० र कक्षा ११ को वार्षिक परीक्षा सञ्चालन गर्नुका साथै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक र विद्यार्थी सम्मान गर्दै आएको छ।

# म्याग्दीमा आलु प्रवर्द्धन कार्यक्रम : आठ सय रोपनीमा खेती विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी ५ पुस

म्याग्दीमा आठ सय रोपनी बढी जमिनमा हिउँदे आलुखेती विस्तार गरिएको छ। नगदे बालीका रुपमा जिल्लामा रहेका एक नगरपालिका र पाँचवटै गाउँपालिकामा व्यावसायिक रुपमा आलुखेती हुने गरेको छ।

कृषि ज्ञान केन्द्र म्याग्दीले समुदायस्तरमा खायन आलु प्रवर्द्धन कार्यक्रममार्फत किसानलाई अनुदान उपलब्ध गराएपछि जिल्लामा हिउँदे आलुखेती विस्तार भएको हो।

खायन आलु प्रवर्द्धन कार्यक्रमअन्तर्गत विभिन्न २१ वटा कृषक समूह तथा सहकारीहरूले आठ सय ५० रोपनीमा व्यावसायिक रुपमा आलुखेती लगाएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जीव बाँस्तोलाले जानकारी दिनुभयो।

उहाँका अनुसार, यस कार्यक्रममार्फत करिब तीन सय रोपनीमा बर्खे आलुखेती



गर्ने तयारी गरिएको छ। गण्डकी प्रदेशको कृषि तथा सहकारी मन्त्रालयले म्याग्दी जिल्लामा आलुको संरक्षण तथा विस्तार र व्यावसायिकताका लागि चालु आर्थिक वर्षमा रु एक करोड २० लाख बजेट विनियोजन गरेको थियो।

उक्त बजेटबाट कार्यालयले कार्यक्रममा समावेश हुनआएका किसान समूह र सहकारीलाई आलुको बीउ, यान्त्रिक उपकरण खरिद, सिँचाइ सुविधा विस्तार र बजारीकरणमा अनुदान दिएको कार्यालयले जनाएको छ।

खायन आलु प्रवर्द्धन कार्यक्रमको लागि छनोटमा परेका कृषक समूह र सहकारीमा आबद्ध किसानले आलुको बीउ र सिँचाइतर्फ ७५ प्रतिशत तथा यान्त्रिकीकरण र बजारीकरणतर्फ ५० प्रतिशत अनुदान पाएका छन्। यस वर्ष जिल्लामा एक हजार दुई सय रोपनी जमिनमा आलुखेती विस्तार गर्ने लक्ष्य लिइएको छ। मन्त्रालयबाट प्राप्त बजेटमध्ये रु एक करोड रकम किसानलाई अनुदान वितरणमा खर्च हुने र २० लाख रकम किसानलाई तालिम, अभिमुखीकरण, निरीक्षण, पुस्तक प्रकाशन, प्राविधिक सहयोगको क्षेत्रमा परिचालन हुने कृषि ज्ञान केन्द्र म्याग्दीका कृषि प्रसार अधिकृत गङ्गा लामिछानेले जानकारी दिनुभयो।

जिल्लामा खेती गरिने प्रमुख बालीमध्येमा पर्ने आलुखेतीबाट जिल्लालाई आत्मनिर्भर बनाउँदै स्थानीयको आयआर्जनमा सुधार ल्याउन आलुखेतीले सहयोग पुग्ने किसानको भनाइ छ। जिल्लामा हाल स्थानीय सेतो, रातो जातको आलु, निलो, कार्डिनल र एमएस ४२ नामक आलु उत्पादन हुने गरेको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : मानसिक तनाब | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# बागलुङ कालिकामा एक महिनामा २९ लाख भेटी

**रासस**
बागलुङ, ५ मंसिर

बागलुङ कालिका भगवती मन्दिरमा मङ्सिरमा रू. २९ लाख बढी आम्दानी भएको छ। कालिका गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काको अनुसार मङ्सिरमा मन्दिरमा रू २९ लाख १२ हजार छ सय ९० आम्दानी भएकामा रू १४ लाख ३७ हजार ३९ खर्च भएको छ। मङ्सिरमा रू १४ लाख ७४ हजार छ सय ५१ बचत भएको छ।

गुठीका अध्यक्ष कुमार खड्काका अनुसार मन्दिरमा भक्तजनले समर्पण गरेको भेटीबाट रू १७ लाख आठ हजार छ सय ४०, चामल बिक्रीबाट ३५ हजार एक सय, बोकाबाट रू एक लाख दुई सय ५०, कुखुराबाट सात हजार छ सय, राँगोबाट रू दुई हजार, सटर भाडा रू तीन लाख नौ हजार पाँच सय ४०, विवाहबाट रू १० हजार पाँच सय, वनभोजस्थलबाट रू एक हजार, आर्थिक सहयोग रू ४३ हजार दुई सय १०, परेवा बिक्रीबाट रू छ लाख ५४ हजार सात सय ५०, व्रतबन्धबाट रू नौ सय, पण्डितबाट रू १८ हजार चार सय आम्दानी भएको छ। कर्मचारीहरूको तलबमा रू चार लाख पाँच सय, बिजुलीमा रू ३५ हजार नौ सय ३०, पूर्वाधार विकासमा रू पाँच लाख २८ हजार छ सय ९८, पूजा खर्च ५५ हजार, पोशाकमा रू ५३ हजार, विज्ञापन खर्च रू छ हजार, मेसिन तथा उपकरण रू २८ हजार, खाद्यान्न र आवासमा रू ७८ हजार, मर्मतसम्भारमा रू १७ हजार, यातायात तथा भ्रमणमा रू एक लाख तीन हजार आठ सय खर्च भएको गुठीका कोषाध्यक्ष रमेश खड्काले जानकारी दिनुभयो।

# पोखरामा घन्किदै बर्तिका एम राई र युगल गुरुङ


**पोखरापत्र संवाददाता**
पोखरा ५ पुस

पोखरामा चर्चित गायक गायिकाको लाइभ कन्सर्ट हुदैछ।

पोखराको लेकसाइडमा रहेको प्याराडिसोमा बर्तिका एम राई र युगल गुरुङले लाइभ कन्सर्ट हुन लागेको हो। शनिबार साँझ हुने कार्यक्रममा बर्तिका एम राई र युगल गुरुङ छुटाछुट्टै प्रस्तुती दिने छन्।

गायक युगलले 'यो पर्खाइ, आफ्नो संसार, कोठा, सहारा, लुकामारी, कहाँ छौ, कुरा' लगायत गीत गाउने छन् भने गायिका बर्तिकाले 'तिमी र म, नजिक, उमेर, बाँकी, खुसी, घर, सम्झना, खै' लगायत गीत गाएर मनोरञ्जन दिने छिन्। युगल र बर्तिका दुवै अहिलेका चर्चित गायक गायिका हुन्। उनीहरु श्रीमान्





श्रीमती हुन्। बर्तिकालाई नेपाली संगीतमा दैनिकीहरुको सरल रुपमा प्रस्तुत गर्ने गर्दछिन्। उनले गीत लेख्ने, संगीत सिर्जना गर्ने र गाउँने काम गर्छिन्। उनीहरु दुबैका गित चर्चित रहेको र नयाँ पिडिमा उनीहरु प्रख्यात रहेको प्याराडिसोका म्यानेजर हरि पौडेलले बताए। उनले क्युआरकोड प्रयोग गरेर इसेवाबाटै अग्रिम टिकट लिन र अग्रिम टेबल बुकिङ गर्न सकिने बताए। टेबल बुकिङ गर्नेका लागि प्रबेश शुल्क नलाउने उनको भनाई छ। मध्यरातसम्म लाइभ कन्सर्ट चल्ने छ।

प्याराडिसोमा दैनिक लाइभ म्युजीक, खेलकुदको लाइभ ठुलो एलइडिमा देखाउदै आएको छ।


## काठ/दाउरा संकलनको लागि दररेट माग सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/०९/०६

श्री प्रगतिशिल मा. वि. अन्नपूर्ण ४ सल्यान, कास्कीको नाममा जग्गाधनी प्रमाण पुर्जा श्रेस्ता कायम अन्नपूर्ण गा. पा. वडा नं. ५ (साविक सल्यान गा. वि. स. वडा नं. ९) स्थित कि. नं. ३७-३-२-१ को जग्गामा हुकाई/संरक्षण गरी राखेका खोटेसल्ला, चिलाउने, उत्तिस र मौवा जातका खडारुख संख्या १४२ को छपान मूल्याङ्कन अनुसारको परिमाण अनुसारको ६३०३.७१ घ. फि. काठ र २१.१५ चट्टा दाउरा कास्की जिल्लाको आ. व. २०८१/०८२ को लागि काठ दाउरा कटान, मुछान, घाटगद्दी समेतको लागि तोकिएको स्वीकृत जिल्ला दररेटमा नबढ्ने गरी संकलन तथा घाटगद्दी समेत गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून अनुसारको योग्यता पुगेका ईच्छुक व्यक्ति/काष्ठ उद्योग/व्यवसायी फर्मले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म विद्यालयबाट दरभाउ पत्र खरिद गरी १६ औं दिन कार्यालय समयभित्र यस विद्यालयमा शिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि विद्यालयमा सम्पर्क राख्न सकिने छ।

**प्रधानाध्यापक**

# पञ्चैबाजा संरक्षणमा जुट्दै आमासमूह चेक गर्ने

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ पुस

परियार समुदायको पुर्ख्यौली पेसाका रुपमा पञ्चैबाजा हिजोआज अन्य समुदायले पनि बजाउन थालेका छन् । गाउँ तथा सहरमा विस्तारै पञ्चैबाजा बचाउने प्रचलन हराउन थालेपछि बागलुङमा महिला र मगर समुदायका युवाले संरक्षणमा चासो दिएका हुन् । युवा शक्ति विदेश पलायन भएपछि सङ्कटमा पर्न थालेको बजाउने प्रचलन पछिल्लो समय संरक्षण भइरहेको छ ।

अहिले बजारमै रहेका महिला समूहलेसमेत बाजा बजाउन थालेका छन् । मौलिक संस्कृतिका रुपमा रहेको पञ्चैबाजा लोप हुन थालेपछि महिला नै यसको संरक्षणमा लागेको बागलुङ नगरपालिका-३ देउरालीचोक आमा समूहकी अध्यक्ष सरिता थापामगरले बताउनुभयो । गाउँ तथा सहरमा विवाह, व्रतबन्ध र अन्य सार्वजनिक कार्यक्रममा बाजा बजाउने कोही नहुँदा आफूहरुले बजाउन थालेको उहाँको भनाइ छ । पहिले गाउँमा धेरै समूहले बाजा बजाए पनि अहिले कोही नभएको उहाँले बताउनुभयो ।थापाले भन्नुभयो, “अहिले बाजा बजाउने जनशक्ति पाउनै मुस्किल छ, नयाँ पुस्ता १०/१२ कक्षा पास गरेर विदेश गइहाल्छन्, बुढापाकाले बजाउन सक्दैनन्, टोल छिमेकमा कसैको बिहे भात खुवाइ र ब्रतबन्ध हुँदा बाजा बजाउनै छाडेको हुँदा महिला दिदीबहिनी मिलेर पञ्चेबाजा बजाउन थालेका हौं, सुरुमा सिक्न केही समय लाग्यो, अहिले सबैले सिकेपछि ठाउँठाउँमा बजाउन जाने गरेका छौं ।” दुई वर्ष अगाडिदेखि बाजा बजाउन सिकेका महिलाहरुले अहिले आम्दानीसमेत गर्न थालेका छन् । सुरुमा गाउँका पञ्चेबाजा समूहबाट सिकेका उनीहरुले रु एक लाख ५० हजारमा बाजा सेट खरिद गरेर व्यावसायिक रुपमा बजाउन थालेका हुन् । एउटा विवाहबाट रु ३० देखि ५० हजारसम्म लिने गरेको पञ्चैबाजा समूहकी सदस्य कला श्रीसले जानकारी दिनुभयो । विवाहको समयमा बागलुङका ग्रामीण क्षेत्रदेखि ठूलाठूला सहरसम्म बाजा बजाउन जाने गरेको उहाँको भनाइ छ । “सुरुमा बाजाको ताल सिक्न केही समय लाग्यो, बाजा हामीहरुले किने पनि सिकाउने मान्छे थिएनन्, गाउँका बाजा बजाउन सिपालुहरुसँग तालिम लियौँ, अहिले १५ जनाभन्दा बढी महिला दिदीबहिनीले बजाउने गर्छौं”, उहाँले भन्नुभयो, “अब सिक्न चाहानेलाई पनि सिकाउन सकिन्छ, मङ्सिर र माघमा हामीहरुलाई भ्याइनभ्याई हुन्छ, यसबाट हाम्रो आम्दानी पनि राम्रो भएको छ ।”

# लक्ष्मी ग्रुपको ५१ औं कर्पोरेट डे सम्पन्न, ९० जनाले गरे रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा ५ पुस




लक्ष्मी ग्रुप प्रा.लि.ले आफ्नो ५१ औं स्थापना दिवस शुक्रबार एक समारोहको आयोजना गरि मनाएको छ ।

ग्रुपको प्रधान कार्यलय बागबजार पोखरामा आयोजना गरिएको कार्यक्रमलाई सम्बोधन गर्दै कार्यकारी निर्देशक श्री सुनिल श्रेष्ठले आज भन्दा ५१ वर्ष अघि बुवाहरु द्धय श्री बुद्धि बहादुर श्रेष्ठ र गणेश बहादुर श्रेष्ठ ले स्थापना गर्नु भएको लक्ष्मी मिठाई भण्डारले सबैको साथ, सहयोग र समर्थनले आजको यो रुप लिएको बताउनु भयो । यसका साथै आगामी दिनमा समेत यस किसिमको साथ सहयोग निरन्तर रहने कुरामा आफु विस्वस्त रहेको कुरा बताउनु भयो । सो अवसरमा कार्यकारी निर्देशक श्री श्रेष्ठले सबैलाई आभार एवम् धन्यवादज्ञापन समेत गर्नु भएको थियो ।

बटुक द्वारा स्वस्ती वाचन गरि सुरु गरिएको कार्यक्रमलाई कम्पनिका कार्यकारी निर्देशक सुनिल श्रेष्ठ ले पानसमा दिप प्रज्वलन गरि समुदघाटन गर्नु भएको थियो । कार्यक्रममा ग्रुपमा लामो समयदेखी आवद्ध रही सेवारत कर्मचारीहरुलाई दीर्घ सेवा पदक द्वारा सम्मान गरिएको थियो।ग्रुपअन्तरगतरहेकाविभिन्न औद्योगिक प्रतिष्ठानहरुमा ५ बर्ष सेवा गरेका २५ जना, १० बर्ष सेवा गरेका ४ जना, १५ बर्ष सेवा गरेका २ जना, २० बर्ष सेवा गरेका १० जना गरी जम्मा ४१ जना कर्मचारीहरुलाई दीर्घ सेवा पदक प्रदान गरिएको थियो । उक्त कर्मचारीहरुलाई कम्पनिका कार्यकारी निर्देशक सुनिल श्रेष्ठ, निर्देशकहरु कृष्ण बहादुर श्रेष्ठ, सुविन्द्र श्रेष्ठ, सुब्रत श्रेष्ठ एवम् नायव निर्देशक निरज श्रेष्ठले सम्मान स्वरुप मायाको चिनो एवम् प्रंशसा पत्र प्रदान गर्नु भएको थियो । यसका साथै ५१ औं स्थापना दिवसको अवसरमा आयोजना गरिएको महिला तथा पुरुष एकल ब्याटमिन्टन र फुट्सल प्रतियोगिताका विजेताहरुलाई पुरस्कार वितरण समेत गरिएको थियो ।

त्यसैगरि ५१ औं स्थापना दिवस कै अवसर पारेर ग्रुपले रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । पहिलो रक्तदाता श्री केशव भट्टराईलाई ब्लड ब्याग हस्तान्तरण गरि सुरुवात गरिएको सो कार्यक्रममा जम्मा ९० जना कर्मचारीहरुले रक्तदान गर्नु भएको थियो । यस प्रकारको रक्तदान कार्यक्रम कम्पनिले सोसियल कर्पोरेट रेस्पोन्सीविलिटी अन्तरगत हरेक वर्ष नियमित रुपमा आयोजना गर्दै आएको कम्पनिले जनाएको छ । सो समारोहमा सम्मानितहरुको तर्फबाट मानव संसाधन विभागका महाप्रवन्धक श्री श्याम मल्लले प्रतिष्ठानको उत्तरोत्तर प्रगतिको कमना गर्दै प्रतिष्ठानले संथागत सामाजिक उत्तरदायित्व अन्तरगत शिक्षा, स्वास्थ्य तथा खेलकुद एवम् धार्मिक क्षेत्रका विभिन्न सामाजिक कार्यहरुमा देखाएको सक्रियता तथा पु-याएको योगदानको चर्चा गर्नु भएको थियो । कार्यक्रमलाई प्रताप आचार्यले सञ्चालन गर्नु भएको थियो ।

# कुश्मामा नगरप्रमुख रोजगार कार्यक्रम

**पोखरापत्र संवाददाता**
पर्वत, ५ पुस

बेरोजगार जनशक्तिलाई रोजगारी प्रदान गर्नका लागि पर्वतको कुश्मा नगरपालिकामा नगरप्रमुख रोजगार कार्यक्रम सुरू गरिएको छ । नेपालमा प्रधानमन्त्री रोजगार कार्यक्रम लागू भएको लामो समयपछि त्यस्तै प्रकृतिको कार्यक्रम कुश्मा नगरपालिकाले सुरू गरेको हो ।

नगरभित्रका बेरोजगार युवालाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा आयआर्जनका क्रियाकलाप सञ्चालन गरी सामुदायिक पूर्वाधार निर्माण, कृषि, अध्ययन, अनुसन्धानलगायत विविध क्षेत्रहरूमा संलग्न गराई बेरोजगारी र शैक्षिक बेरोजगारीको समेत समस्या समाधानमा योगदान पुर्‍याउन नगरप्रमुख रोजगार कार्यक्रम सुरू गरिएको कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नेत्र पौडेलले बताउनुभयो ।

कार्यक्रममा आबद्ध भई रोजगारीको लाभ लिनका लागि नगरप्रमुख रामचन्द्र जोशीले नगरवासीलाई अनुरोध गर्नुभएको छ । बेरोजगार भएर बसिरहेका इच्छुक युवायुवती वा काम गर्न सक्ने जुनसुकै उमेर समूहका नागरिकले आफ्नो सीप र दक्षताअनुसारको रोजगारी माग गर्न सकिने उहाँले बताउनुभयो । विभिन्न आयोजनाका क्षेत्रहरूमा रोजगारी सृजना गर्ने दिगो उत्पादनमा आधारित सामूहिक र एकीकृत खेती, जलचक्र, खानेपानी संरक्षण तथा व्यवस्थापन गरी रोजगारी सृजना हुने कार्यक्रम, जलवायु तापक्रम, मानव उत्पन्न प्रकोप व्यवस्थापन तथा न्यूनीकरणका क्षेत्र, ताल तलैया, जलाशय निर्माण तथा रिचार्ज पोखरी मर्मत तथा संरक्षणका क्षेत्रमा जनशक्ति परिचालन गरिने भएको छ ।

यसैगरी, खेलकुद प्रवर्द्धन र पूर्वाधार निर्माण, शिक्षा, तालिम, जनचेतनामूलक अभियान, रोगारमूलक कृषि तथा पशुपालन, वृक्षरोपण तथा पर्यावरण संरक्षणमा आधारित कृषि, वन विकास, अध्ययन, अनुसन्धान र रणनीतिक सञ्चार एवं पर्यटन प्रवर्द्धन, मर्मत तथा सम्भार, वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलनसम्बन्धी कार्यक्रम, वैदेशिक रोजगारीबाट फर्केका युवा समूहका नवीन योजना पनि नगरप्रमुख रोजगार कार्यक्रममा समेटिएको छ ।

रोजगारीका लागि आफूले चाहेको आयोजना माग गर्दा नगरप्रमुख रोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा माग्नुपर्ने, कम्तीमा एकाघर बाहेकका सात जना उपभोक्ताको समूह बनाई माग गर्नुपर्ने, एक समूहमा आबद्ध भएको व्यक्ति अर्को समूहमा आबद्ध हुन नपाउनेजस्ता प्रावधान राखिएको छ । यो कार्यक्रमले कुनै पनि नागरिक बेरोजगार भएर बस्नु नपर्ने नगरप्रमुख जोशीको विश्वास छ ।

# सामुदायिक वनको सामूहिक धानखेती

**पोखरापत्र संवाददाता**
दमौली, ५ पुस

तनहुँको म्याग्दे गाउँपालिकाअन्तर्गत साविक जामुने गाविसमा रहेका १३ वटा सामुदायिक वन उपभोक्ता समूहले सामूहिक धानखेती गरेका छन् । वडा नम्बर १ को गुणादी फाँटमा ती वन समूहहरूले सामूहिक रूपमा धानखेती गरेका हुन् ।

त्यसबाट उत्पादित धान विपन्न १६ घरधुरी परिवारलाई निःशुल्क वितरण गरिएको बाराही सामुदायिक वन समूहका अध्यक्ष मुक्तिनाथ खनालले जानकारी दिनुभयो । वन समूहको आम्दानीबाट रू आठ लाख २५ हजारमा ३६ रोपनी खेत बन्धकी लिएर १६ घरधुरी उपभोक्तालाई खेतीका लागि उपलब्ध गराइएको खनालले बताउनुभयो ।

सामूहिक खेतीबाट प्रतिघरपरिवार वार्षिक १२-१३ मुरी धान भित्र्याउने किसानले बताएका छन् । सामुदायिक वनको आम्दानीबाट गरिबी न्यूनीकरण कार्यक्रमअन्तर्गत रू आठ लाख २५ हजारमा ३६ रोपनी खेत बन्धकी लिएर १६ घरपरिवार उपभोक्तालाई विगत छ वर्षदेखि निःशुल्क धान उपलब्ध गराइएको सामुदायिक वन उपभोक्ता महासङ्घका केन्द्रीय सदस्य रत्ना घिमिरेले जानकारी दिनुभयो ।

उक्त उत्पादित धान सङ्कलन एवं १३ सामुदायिक वनको अन्तर्क्रिया कार्यक्रममा म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले थ्रेसर मेसिनमा धानको मुठा हालेर धान झार्ने कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो ।

गाउँपालिकाका अध्यक्ष श्रेष्ठले सामुदायिक वनले वन संरक्षणसँगै गरिबी निवारणमा पनि उल्लेख्य योगदान पुर्‍याएको बताउनुभयो । किसानले खेतमा सिँचाइको व्यवस्था मिलाउनुपर्ने माग गरेपछि अध्यक्ष श्रेष्ठले उपभोक्तासँगको सहकार्यमा सिँचाइको प्रबन्ध गरिने उल्लेख गर्नुभयो ।

# बेनीमा माटोको गुणस्तरमा ह्रास

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ पुस

बेनी नगरपालिकाको खेतीयोग्य जमिनमा माटोको गुणस्तरमा ह्रास आएको छ ।

नगरपालिकाको कृषि शाखाले गरेको माटोको नमूना परीक्षणका क्रममा अम्लियपना बढेको र गुणस्तर घटेको पाइएको हो । कृषि शाखाले बेनी नगरपालिकाका वडा नम्बर ४, ५ र ६ मा निःशुल्क शिविर सञ्चालन गरेर एक सय ९४ वटा माटोको नमूना परीक्षण गरेको थियो । परीक्षणका क्रममा एक सय २१ वटा माटोको नमूनामा अम्लियपना र ७३ वटामा तटस्थ पाइएको बेनी नगरपालिकाका कृषि अधिकृत आकृति ढुङ्गानाले बताउनुभयो । “माटोको अवस्था पहिचान गर्न प्राविधिक टोली खेतबारीमा पुगेर कीटका माध्यमबाट परीक्षणका साथै किसानलाई परामर्श दिएका छौं”, उहाँले भन्नुभयो, “अम्लियपना बढी देखिनुलाई माटोको गुणस्तर घट्दो क्रममा रहेको बुझ्केका छौं ।” रासायनिक मल र विषादीको अत्यधिक तथा जैविक मलको कम प्रयोग गर्ने तथा बाढीले मलिलो माटो बगाएर लैजाँदा अम्लियपना बढी देखिएको कृषि अधिकृत ढुङ्गानाले बताउनुभयो । माटोको गुणस्तर बढाउन कम्पोष्ट मल र प्राविधिकको सिफारिसअनुसार कृषि चुन प्रयोग गर्न सुझाव दिएको उहाँले बताउनुभयो ।

परीक्षण गरिएकामध्ये ८७ वटा नमूनामा नाइट्रोजन, ७१ वटामा फस्फोरस र ४४ वटामा पोटासको मात्रा कम देखिएको छ । नाइट्रोजन कम भएको जमिनमा कोशेबाली लगाउन सुझाव दिइएको छ । बयालीस वटामा नाइट्रोजन, एक सय दुई वटामा फस्फोरस र एक सय ३१ वटामा पोटासको मात्रा मध्यम देखिएको छ ।

पैसठ्ठी वटामा नाइट्रोजन, २१ वटामा फस्फोरस र १९ वटामा पोटासको मात्रा अधिक देखिएको कृषि शाखाले जनाएको छ । वडा नम्बर ४ मा ३३, वडा नम्बर ५ मा ७९ र वडा नम्बर ६ मा ८२ वटा माटोको नमूना परीक्षण गरिएको थियो ।

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्था व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८१/०९ /०६

कास्की जिल्ला मौजे धिताल २ नं. का जि.मु पध्मलाल पाध्याको हिमलाल जिम्मा १९९१ सालको पाखोतर्फको मोठ उतार बमोजिम मोठ नं. ४३४ द.नं. १९ मा ईस्वरी पाध्या ढुंगानाको साबिक दर्ता २०३४ सालसम्मको तिरो तिलि पाध्यानीको नाउँबाट तिरेको, भू.सु. ७ नं. फाराममा टिकाराम पाध्याको नाउँबाट लगत दिएको सर्भे नापीमा कास्की जिल्ला धिताल ६ को कि.नं. ५०२ क्षे.फ. ५-१२-३-३ को जग्गा फिल्डबुकमा तिली उपाध्यानीको नाउँमा कायम भएको हाम्री आमा तिली ढुंगाना पाध्यानीको मिति २०७५/१०/१० मा मृत्यु भएको निजका श्रीमान टिकाराम ढुंगानाको मिति २०२१/०१/०८ मा मृत्यु भएको उक्त जग्गा हामी हकवाला छोराहरु कास्की जिल्ला माछापुच्छे गा.पा.-६ बस्ने देव कृष्ण ढुंगाना, धनपति ढुंगाना, कृष्ण प्रसाद ढुंगाना, राम प्रसाद ढुंगाना र मोती प्रसाद ढुंगानाले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको नाम |
|---|---|---|---|---|---|---|---|
| कास्की | धिताल | ६ | ५०२ | ५-१२-३-३ | मकै | चाहार | तिली उपाध्यानी |

ईति संवत २०८१ साल पौष ०६ गते रोज ७ शुभम् ।

**ओमी मल्टीप्रपोज बजार व्यवस्था कम्पनी लि.**
**OMi Multipurpose Bazar Bewastha Company Ltd.**
**केन्द्रीय कार्यालय**
**कामनपा-३१, मिलनचोक, नयाँबानेश्वर, काठमाण्डौं**
**को**

## चौंथो वार्षिक साधारण सभाको सूचना !

प्रकाशित मिति २०८१/०९/०६

यस कम्पनीको २०८१ पौष ०१ गते सोमवार बसेको संचालक समितिको २५औं बैठकको निर्णयानुसार कम्पनीको चौंथो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायमा उल्लेखित विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८१ साल पौष २७ गते शनिवार, (तदनुसार ११ जनवरी, २०२५)
समय : दिउँसो ११:३० बजे
स्थान : होटल शिवूम प्लाजा, गौशाला, काठमाण्डौं ।

**छलफलका विषयहरु :**

**क) सामान्य प्रस्ताव :**

१. संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०८०।०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, २०८० श्रावण १ गतेदेखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने ।
३. आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. केन्द्रीय कार्यालय स्थानान्तरण गर्ने सम्बन्धमा ।

**ख) विविध :**

**साधारणसभा सम्बन्धी थप जानकारी**

१. साधारण सभामा भाग लिन आउँदा आफ्नो परिचय खुल्ने कुनै परिचयपत्र अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।
२. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम कम्पनीको कार्यालयमा साधारणसभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै मिति २०८१ पौष २५ गते ११ बजेभित्र दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति समेत संस्थाको शेयरधनी हुनु आवश्यक छ ।
३. प्रतिनिधि नियुक्ती गरिसक्नु भएको शेयरधनी आफै उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिई सकेको भएपनि त्यस्तो प्रोक्सी बदर हुनेछ ।
४. साधारण सभाको दिन साधारण सभामा हुनुभन्दा एक घण्टा अगावै देखि शेयरधनी हाजिरी पुस्तिका खुला रहने छ ।
५. साधारण सभामा भाग लिन आउँदा, जाँदा लागेको खर्च लगायत कुनै प्रकारको खर्चको सोधभर्ना कम्पनीले नदिने व्यहोरा अनुरोध छ ।
६. साधारण सभा सम्बन्धी थप जानकारी चाहिएमा कम्पनीको फोन नं. ९७०४५४०३२१ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।